# इनरुवा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## इनरुवा, सुनसरी

## १ नं. प्रदेश, नेपाल

प.स. २०७५।०७६

च.नं.१४१४ मिति: २०७५/११/०९

## सूचना! सूचना!! सूचना!!!

**विषयः उद्यम प्रस्तावना लेखन प्रतियोगिता सञ्चालन सम्वन्धी सूचना प्रकाशन तथा निवेदन सङ्कलन सम्वन्धमा ।**

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय मार्फत राष्ट्रिय युवा परिषदवाट प्राप्त ससर्त कार्यक्रम अनुसार जिल्ल स्तरीय युवा उद्यम प्रस्तावना लेखन तथा युवा प्रतिभाहरुको खोजी र प्रोत्साहन कार्यका लागि यस इनरुवा नगरपालिका कार्यालयमा निम्न आधारहरु खुलाई प्रस्तावना पत्र र निवेदन पेस गर्नु हुन सूचित गरिन्छ।

**शर्त तथा आधारहरु:**

१. (१६-४०) वर्ष भित्रका युवाहरु हुनु पर्ने
२. सुनसरी जिल्लाको स्थायी वसोवास हुनु पर्ने
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
४. सुनसरी जिल्ला भन्दा वाहिरको नागरिकता हुनेहरुका लागि सम्वन्धित पालिकाको स्थायी वसोवासको आधार वा पालिकाको सिफारिस

**प्रस्तावना पत्रमा संलग्न राख्नु पर्ने वुंदाहरु:**

१. परियोजनाको नाम
२. परियोजना सञ्चालकको नाम
३. परियोजना सञ्चालन गर्ने स्थान
४. मौलिक प्रकारको उद्यम तथा ब्यबसाय सञ्चालनको प्रस्तावना
५. स्रोतहरुको आँकलन र परिचालन
६.स्थानीय स्तरमा रोजगारी र उद्यमशीलतामा पुग्न सक्ने योगदान

निवेदन सहित प्रस्तावना पत्र यस कार्यालयमा मिति : २०७५/११/१४ गते ११ वजे भित्र आईपुग्नु पर्ने छ र सोही दिन स्वयं प्रस्तावना कर्ताले आफ्नो प्रस्तावना मूल्याङ्कन समिति समक्ष प्रस्तुत गर्नु पर्ने छ प्रथम हुने प्रस्तावना कर्तालाई मिति: २०७५/११/१६ गते प्रदेशस्तरीय कार्यक्रममा सहभागी हुन पठाइने ब्यहोरा समेत जानकारी गराइन्छ ।

थप जानकारी इनरुवा नगरपालिका कार्यालयवाट प्राप्त गर्न सक्नु हुने छ।